# सेन्दाई सिटि वाटर वर्कस ब्युरो को सुचना

वाटर वर्कस ब्युरो :पानी सम्बन्धि सेवाहरु व्यवस्थित गर्ने एउटा संगठन

## I पानीको बिल भुक्तानी गर्ने तरिका

सेन्दाई सिटिमा तपाईंले हरेक दुई महिनामा एकपटक पानी (र ढल निकासी)को शुल्क भुक्तान गर्नुपर्ने हुन्छ। तपाईंसँग भुक्तानीका तिन विकल्पहरु छन्।

**कृपया ध्यानमा राख्नुहोस् कि तपाईंले सुचित गरेको म्यादसम्म आफ्नो पानीको बिल भुक्तान गर्न असफल हुनुभएमा, तपाईंलाई जानकारी गराइनेछ। यदि त्यसपछि पनि शुल्क बुझाउन सक्नु भएन भने तपाईंको पानी आपूर्ति काटिने छ।**

(1) विकल्प १ **बैंक एकाउन्ट मार्फत**

तपाईंले भुक्तान गर्नुपर्ने रकमलाई स्वचालित रुपमा तपाईंको बैंक वा हुलाक कार्यालय बैंक (यूच्यो बैंक)को खाताबाट काटिनेछ। बैंक एकाउन्ट भुक्तानीको लागि कृपया आफ्नो बैंक वा हुलाक कार्यालय वा वाटर वर्कस ब्युरोलाई आवेदन दिनुहोस् | आवेदन सकिएपछि तपाईंले बैंक एकाउन्ट मार्फत भुक्तान हुने ट्रान्सफर मिति सम्बन्धि सूचना पाउनु हुनेछ र त्यहीं ट्रान्सफर मिति नै पानी शुल्क बुझाउने म्याद हुनेछ।

(2) विकल्प २. **क्रेडिट कार्ड मार्फत**

तपाइँले क्रेडिट कार्डबाट पनि स्वचालित (अटोमेटिक) रूपमा तिर्न सक्नुहुन्छ। यसको लागि कृपया हाम्रो वाटर वर्कस ब्युरोमा बुझ्न आउनुहोस् या सम्पर्क गर्नुहोस। यहाँ क्रेडिट कार्ड मार्फत तिर्ने डकुमेन्टहरु बनाइने छ र आवेदन पश्चात् तपाईंलाई सुचित गराइनेछ।

(3) विकल्प ३. **व्यक्तिगत रूपमा भुक्तानी गर्ने**

बैंक एकाउन्ट र क्रेडिट कार्ड मार्फत रकम तिर्ने बाहेक व्यक्तिगत रूपमा पनि भुक्तानी गर्न मिल्छ। पानीको बिल तपाईंको घरमा पठाइनेछ। कृपया बिलमा उल्लेख गरिएको रकम आफुलाई पायक पर्ने पसल (कोन्बिनि), बैंक वा हुलाक कार्यालय (युच्यो बैंक ) तथा वाटर वर्कस ब्युरोको भुक्तानी काउन्टरहरुमा दिइएको म्याद भित्र भुक्तान गर्नुहोस्।

Ⅱ घर सर्दाको विधि

घर सर्नुभन्दा कम्तिमा पनि एक हप्ता अगाडि, वाटर वर्कस ब्युरोलाई जानकारी गराउनुहोस् । हाम्रो कर्मचारी तपाईं सर्ने दिन तपाईंको घरमा आउनेछ । कृपया घर सर्ने मितिसम्मको पानी (र ढल निकासी) शुल्क त्यसै समयमा उक्त कर्मचारीलाई भुक्तान गर्नुहोस् ।

वाटर वर्कस ब्युरोको बिल तिर्ने ठाउँ

- दक्षिणी शुल्क भुक्तानी सेन्टर फोन: 022-304-0023

  ताइहाकु कु मिनामी ओउनोदा 29-1

  (सेन्दाई सिटि वाटर वर्कस ब्युरो अफिस पहिलो तला)

- उत्तरी शुल्क भुक्तानी सेन्टर फोन: 022-371-8830

  इजुमी कु इजुमी च्यूओउ 2-1-1

  (इजुमी वार्डअफिस तेस्रो तला)

- सिटिअफिस शुल्क भुक्तानी सेन्टर

  आवोबा कु कोकुबुन्च्योउ 3-7-1

  (सेन्दाइ सिटिअफिस पहिलो तला )